म.जि. प्र. का. द.नं. : १७६/०६८, वर्ष ११, अंक २३५ सोमबार २१ चैत २०७८ तृतीया ने. सं. ११४२ चिल्लाथ्व 4 April, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

ज्येष्ठ नागरिकको सम्मान

हेटौंडा, २० चैत/'घर घर जाऔं, नेपाली कांग्रेस जिताऔं' अभियानअन्तर्गत कांग्रेस हेटौंडा-२ पल्पसा टोल समितिले आयोजना गरेको कार्यक्रममा ज्येष्ठ नागरिक तथा एक महिलालाई सम्मान गरिएको छ । नेपाली कांग्रेस मकवानपुरले आइतबार ज्येष्ठ नागरिक तथा एकल महिलाहरुको सम्मान गरेको हो । कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय ढिनाले ज्येष्ठ नागरिक तथा एकल महिलालाई सम्मान गरेकी हुन् । उपाध्यायले ज्येष्ठ नागरिकको जीवन सहज बनाउन कांग्रेसले योजना बनाएर अगाडि बढ्ने बताएकी छन् । टोल इकाई समितिका अध्यक्ष सुनिता पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेस मकवानपुर सभापति बुद्ध लामा, रविन्द्र घिमिरेलगायतले जेष्ठ नागरिकको सम्मानले समाज विकासमा सहयोग पुग्ने बताएका थिए । कार्यक्रममा कांग्रेस जिल्ला सहसचिव ताराचन्द्र बजगाई, जिल्ला सदस्य इश्वर पण्डित, अर्जुन पुडासैनी, हेटौंडा उपमहानगर सभापति उत्सव इटेनी, निवर्तमान सभापति आनन्दराम पराजुली, महासमिति सदस्य अशोक शाक्य, जिल्ला प्रतिनिधि हरि वाग्ले, पूर्व जिल्ला सदस्य इश्वरलाल श्रेष्ठ, २ नम्बर वडा सभापति भवसागर श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

एमालेलाई 'ढुकढुक', कांग्रेसको भरमा माओवादी र समाजवादी

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/मकवानपुरमा स्थानीय तह निर्वाचनको सरगर्मी बढेको छ । ३० वैशाखमा तय निर्वाचनका लागि जिल्लास्थित पार्टीहरु गाउँ पसेका छन् ।

गाउँगाउँमा नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) लगायतका पार्टीले गतिविधि बढेको छ । निर्वाचन नजिकिएसँगै पार्टी फेरबदल गर्ने क्रमपनि बढेको छ । स्थानीय तह निर्वाचनको सम्भावित परिणामबारे चोक-चोकमा बहस भइरहेको छ । मकवानपुरका १० स्थानीय तहमा कुन पार्टीले जिल्लेदेखि मेयर र उपमेयरका आकांक्षीबारे चर्चा सुरु भइरहेका छन् । मकवानपुरका पालिकाहरुमा हालका उपप्रमुखहरुले प्रमुखमा दाबेदारी प्रस्तुत गरिरहेका छन् । संविधान सभा सदस्यदेखि वर्तमान मेयरहरुले पुन: पालिका हाँक्ने दावी छोडेका छैनन् ।

१० पालिकामध्ये हेटौंडा उपमहानगरपालिकाको निर्वाचन सबैको चासोको विषय बनेको छ । बागमती प्रदेशको राजधानीसमेत भएकाले हेटौंडाको मेयरको कुर्सीमा ठूला नेताहरुले नै आँखा लगाएका छन् । प्रदेशकै एक मात्र उपमहानगर हेटौंडाको मेयर को र कुन पार्टीले जित्छ ? भन्नेमा सबैको चासो छ । मेयरको नेतृत्व लिन प्रमुख पार्टीभित्रै तीव्र प्रतिस्पर्धा चलेको छ । मेयरको चर्चा अगाडि हेटौंडामा कुन पार्टी बलियो छ भन्ने आंकलन जरुरी छ । २०७४ सालको निर्वाचनलाई आधार मान्दा हेटौंडाको बलियो पार्टी नेकपा एमाले हो । एमाले विभाजनपछि कमजोर भएको विश्लेषण छ । एमालेबाट अलग भएर बनेको नेकपा (एकीकृत समाजवादी) कांग्रेस र माओवादी सहित पाँच दलीय गठबन्धन बनाएर निर्वाचनमा होमिँदै छ ।

गत निर्वाचनमा कांग्रेस र माओवादीको गठबन्धनका उम्मेदवारलाई हराएर एमालेका मेयर

र उपमेयरले चुनाव जितेका थिए । आगामी ३० वैशाखमा हुने निर्वाचनमा पुन: कांग्रेस र माओवादीले अन्य ३ पार्टीसँग गठबन्धन गरेर एमालेविरुद्ध निर्वाचन लड्ने तयारीमा छन् । केही दिनअघि नेपाली कांग्रेस मकवानपुरको पार्टी कार्यालयमा भएको गठबन्धनका नेताहरुको बैठकले जिल्लास्थित १ सय २ वटै वडामा कसिलो गठबन्धन बनाएर निर्वाचनमा जाने निर्णय गरेका छन् । पाँच दलीय गठबन्धनबाट जिल्लाकै प्रमुख पार्टी एमाले 'ढुकढुक'को स्थितिमा पुगेको नेताहरुको विश्लेषण छ ।

'कांग्रेससहित पाँच दल एकजुट भएर चुनावमा जाँदैछन् । एमालेलाई निर्वाचन जित्न नसकिने भएर ढुकढुक भइरहेको छ ।,' एकीकृत समाजवादीका एक नेताले भने । एमालेलाई पुरानो विरासत जोगाउन मुस्किल हुने आंकलन छ । कम्युनिष्टको गढका रुपमा रहेको मकवानपुरमा गत निर्वाचनमा एमालेले ६ वटा स्थानीय तह जितेको थियो । जसमध्ये पार्टी विभाजन पश्चात दुई अध्यक्ष र उपाध्यक्ष एकीकृत समाजवादीमा समाहित भएका छन् । हेटौंडामा २०४६ सालको बहुदलीय व्यवस्थापछि भएका दुवै निर्वाचनमा एमालेले जितेको थियो । २०४९ र २०५४ का दुवै चुनावमा एमालेले विजयी हासिल गरेको थियो ।

हेटौंडामा एमाले, कांग्रेस, माओवादी केन्द्र, राप्रपा र नेकपा एकीकृत समाजवादी प्रमुख प्रतिस्पर्धी हुन् । यहाँ जनता समाजवादी पार्टीको पनि उपस्थिति छ । हेटौंडामा गठबन्धनका उम्मेदवारलाई चुनाव जित्न एकीकृत समाजवादीको मत आवश्यक छ । कांग्रेस र माओवादीको गठबन्धनलाई गत निर्वाचनमा हराएको एमालेलाई पार्टी विभाजनको असरले नै पराजयमा पुऱ्याउने आंकलन छ । एकीकृत समाजवादीले नगरमा वडास्तरसम्मै कमिटी विस्तार गरेको छ । तर, एमालेले भने एकीकृत समाजवादीको असर नपर्ने जनाएको छ । एमाले मकवानपुरका सचिव नवीन सिग्देल एमाले कमजोर नभई झनै बलियो भएको दाबी गर्छन । एकीकृत समाजवादीले ठूलो असर नपुऱ्याउने सिग्देलको भनाई छ । एमाले झन सशक्तरुपमा प्रस्तुत भएको उनले दावी गरे ।

'२०५६ सालमा पनि एमाले फुटेकै थियो । त्यतिबेला पनि मकवानपुरबाट एमाले तीनवटै सिट जितेको हो । अहिले पनि खासै असर छैन, थोरै असरको परिपूर्ती भइसकेको छ ।,' सिग्देलले भने । हेटौंडामा कांग्रेसले ६ वटा वडा र माओवादीले दुईवटा वडामात्रै वडा अध्यक्ष जितेको थियो । १९ वटा वडामध्ये १२ वटा वडा एमालेले जितेको थियो । एमालेको प्रभाव क्षेत्र मानिएको हेटौंडा-१ र ५ नम्बर वडामा अध्यक्ष कांग्रेसले जितेको थियो भने बाँकी चार-चार जना वडा सदस्य भने एमालेका उम्मेदवार निर्वाचित भएका थिए ।

एमालेलाई टक्कर दिने पार्टी नेपाली कांग्रेस हो । कांग्रेसले पनि हेटौंडामा बलियो दाबेदारका रुपमा आफूलाई उभ्याउँदै आएको छ । कांग्रेस मकवानपुरका सचिव भिमसेन महतले आगामी निर्वाचनमा गठबन्धनले जिल्ले पक्का भएको बताउँछन् । कांग्रेस विगतमा भन्दा बलियो भएको सचिव महत बताउँछन् । नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादी हेटौंडामा एक्लाएक्लै लड्ने स्थितिमा छैनन् । यी दुवै कांग्रेसको भरमा छन् । हेटौंडामा एमालेलाई हराउन माओवादी र एकीकृत समाजवादीसँग पूरा सामर्थ्य नभएकाले कांग्रेससँग गठबन्धन गर्नुको विकल्प नभएको विश्लेषण छ । हेटौंडाका अधिकांश वडामा कमिटी विस्तार गरेको एकीकृत समाजवादीले एमालेलाई जित्न नसकेपनि हराउने भूमिका खेल्ने नेताहरु सार्वजनिक कार्यक्रममा बोलिरहेका छन् ।

कांग्रेससँग कुनै हालतमा गठबन्धन गरेर एमालेलाई हराउनु पर्नेमा माओवादी र एकीकृत समाजवादीका नेताहरुको जोड छ । नेकपा माओवादी केन्द्र मकवानपुरका सचिव भिम पाखिनले गठबन्धनका उम्मेदवारको जित सुनिश्चित भएको बताए । हेटौंडामा मात्र नभई अन्य स्थानीय तहमापनि एमाले बलियो छ । गत निर्वाचनमा पनि कांग्रेस र माओवादीले अधिकांश पालिकामा गठबन्धन गरेर चुनाव लडेका थिए । एमालेसँग राप्रपाको चुनावी गठबन्धन हुने चर्चा छ । यी दुई पार्टीबीच गठबन्धन भए पाँच दल एकातर्फ दुई दल अर्कोतर्फ चुनावी भिडन्तमा हुनेछन् ।

खोरेत रोगले किसान चिन्तित

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/एप्थो भाइरसको कारण गाई, भैंसी, भेडा, बाख्रा, याक तथा बँगुरलगायतका पशुहरुमा लाग्ने संक्रामक तथा तिक्ष्ण प्रकृतिको सरुवा रोग खोरेतले किसान चिन्तित भएका छन् ।

हेटौंडा उपमहानगरपालिका भित्र खोरेत रोगका कारण घरपालुवा पशुचौपायाको मृत्यु भएपछि किसानहरु चिन्तित भएका हुन् । हेटौंडा-९ का बद्री न्यौपाने, राजकुमार भण्डारी, कृष्ण प्रसाद आचार्य, भगवान राना, गिरिस अधिकारी, केदार आचार्य, रामशरण ढकाल, बासु राना, गोविन्द नेपाल, भिमकुमारी खड्कालगायत २७ जना किसानले पालेको गाई, भैंसी खोरेत रोग लागेर मृत्यु भएको उनीहरुले बताएका छन् । हेटौंडाका विभिन्न वडामा खोरेत रोगका कारण पशु चौपायाको मृत्यु भएको जनाइएको छ ।

बागमती प्रदेशका १३ वटा जिल्लामध्ये खोरेत रोगका कारण सबैभन्दा धेरै पशुचौपायाको मृत्यु भएको हेटौंडा उपमहानगरपालिकामा हो । मकवानपुरको १० वटा स्थानीय तहमध्ये हेटौंडामा खोरेत रोगको प्रकोप फैलिएको पशु सेवा विज्ञ केन्द्र मकवानपुरका प्रमुख डा. ब्रज किशोर ठाकुरले जानकारी दिए ।

खोरेत रोग तीव्र रुपमा फैलिरहेको बेला समयमा नै सावधानी अपनाउन पशु चिकित्सकहरुले आग्रह गरेका छन् । चालू आर्थिक २०७८/०७९ मा मात्रै देशका ३७ वटा जिल्लामा खोरेत रोगको संक्रमण देखा परिसकेको छ ।

पशु प्राविधिकहरुले सावधानी अपनाउँदा पनि धेरै पशु तथा चौपायाको मृत्यु भएको उपमहानगरपालिकाकी आर्थिक विकास महाशाखा प्रमुख गंगा चौलागाईले जानकारी दिइन् । खोरेत लागेर हेटौंडा-१२ की कलावति खतिवडाको चार वटा बाछाबाछीको मृत्यु भएको उनले बताइन् । खतिवडाकै तीन वटा गाई को पनि मृत्यु भएको थियो । उनले खोरेतकै कारण गाईको मृत्यु भएको हुन सक्ने बताइन् । हेटौंडा-१२ का राम बलको खोरमा पालेको ५ वटा बंगुरलाई खोरेत रोगको संक्रमण भएको थियो । पशु चिकित्सको सल्लाहमा उनले बंगुरको उपचार गराइरहेका छन् । सोही स्थानकी भवानी देवकोटाले खोरेत रोगको संक्रमणपछि गाईको मृत्यु भएको बताइन् ।

खोरेतका कारण पशु चौपायाको मृत्यु भएपछि हेटौंडाका किसानहरु चिन्तित रहेको आर्थिक विकास महासाखाका प्रमुख चौलागाईले बताइन् । उनले रोक नियन्त्रण गर्न कार्यालयले प्रयास गरिरहेको बताएकी छन् । खोरेत रोगको संक्रमण रोक्न हेटौंडा उपमहानगरपालिका र बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्राविधिक टोली परिचालन गरेको छ । रोग नियन्त्रण गर्न पशुपन्छी विकास निर्देशनालय, पशु सेवा विज्ञ केन्द्रपनि खटिएको छ । संक्रमण नियन्त्रणका लागि उपमहानगरपालिका र पशु विज्ञ सेवा केन्द्र मकवानपुरमार्फत संक्रमण फैलिएको क्षेत्रमा प्रयोग गर्ने गरी प्राथमिक उपचारमा अत्यावश्यक औषधी उपलब्ध गराइएको पशु सेवा विज्ञ केन्द्र मकवानपुरका प्रमुख ठाकुरले बताए ।

हेटौंडाका विभिन्न सेवा केन्द्र प्रमुखसहितको सहभागितामा उपमहानगरपालिकामा खटिने पशु प्राविधिकहरुको बैठक बसेर नियन्त्रणको प्रयास खोजिएको कार्यालयले जनाएको छ । पशुमा लाग्ने खोरेत रोग नियन्त्रणका लागि हरेक वडामा काम भइरहेको हेटौंडा उपमहानगर पालिका कृषि तथा पशु विकास शाखाका प्रमुख दुर्गा न्यौपानेले जानकारी दिए । खोरेतको संक्रमणका कारण दुधालु पशुवस्तुको उत्पादन उल्लेखनीय रुपमा घट्ने चिकित्सकहरु बताउँछन् । खोरेतको विषाणु साधारण वातावरणमा सजिलै बाच्न सक्ने प्रकृतिको भएकोले अम्लीय वा क्षारीय गुण भएका रसायनले गोठरुखोर निसंक्रमण गर्दा भाइरसलाई निष्क्रय बनाउन सकिने प्रदेशको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय हेटौंडाका पशुचिकित्सक डाक्टर बबलु ठाकुरले बताए ।

दीगो सडक निर्माणमा जोड

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले प्रदेशभित्र दीगो सडक निर्माणमा जोड दिएका छन् ।

गाउँमा डोजर लगाएर सडक बनाउने प्रवृति हटाएर दीगो सडक निर्माण गर्नुपर्नेमा उनको जोड छ । नुवाकोटमा भएको पिपलटार फुटसल उद्घाटनलाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले सीमित स्रोतसाधनबाट राम्रो काम गर्नुपर्ने अवस्था रहेको बताएका छन् ।

प्रदेश सरकारले हेटौंडा-सिन्धुली-रामेछाप-दोलखा-सिन्धुपाल्चोक-नुवाकोट जोड्ने प्रदेश चक्रपथ निर्माणलाई तदारुकता दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रदेश चक्रपथलाई राष्ट्रिय राजमार्ग भएर जोड्ने गरी कार्य अगाडि बढाएको मुख्यमन्त्री पाण्डेको भनाई छ । प्रदेश चक्रपथ बनाउन सरकारको कोसिस जारी रहेको बताए । पाण्डेले ऋण लिएर खुला सडक र सुरुङ मार्ग निर्माण अघि बढाउन प्रदेश सरकार तयार रहेको बताए । चिनियाँहरुले सुरु गरेको एसियन इन्फ्रास्ट्रक्चर बैंकबाट १ प्रतिशत व्याजमा ऋण लिएर सुरुङमार्ग र रणनीतिक सडक निर्माण गरिने उनले बताए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ

YADEA
e-SCOOTERS

Offer
रु.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरु:
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुदने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा ७५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

हाम्रो कुरा

उपप्रमुखहरुले प्रमुख हुने अवसर पाउलान् त ?

आगामी २०७९ बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा मकवानपुरमा एक उपमहानगरपालिका, एक नगरपालिका र आठवटा गाउँपालिकाहरुमा चुनावी प्रतिस्पर्धा हुँदैछ । सबै स्थानीय तहमा प्रमुख, उपप्रमुख, वडाअध्यक्ष र वडा सदस्यहरुको तीव्र प्रतिस्पर्धा हुने देखिएको छ । एकातिर पाँच राजनीतिक दलबीच गठबन्धन हुने पक्का भएको छ भने अर्कोतिर नेकपा एमाले एक्लै मैदानमा उत्रने देखिएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल गरी दुई पार्टी पनि चुनावी मैदानमा उत्रने प्रायः निश्चित छ । पाँच दलीय गठबन्धन भइरहँदा नेकपा एमालेसंग राप्रपा र राप्रपा नेपाल गठबन्धन हुन्छ कि भन्ने आशंका दलहरुबीच बढेको छ ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त भएपश्चात् वि.सं. २०७४ सालमा भएको निर्वाचनमा मकवानपुर जिल्लामा भएको दशवटा पालिकाहरुमध्ये नौ वटा पालिकामा उपप्रमुख पदमा महिलाले भूमिका निर्वाह गरिरहेका छन् । थाहा नगरपालिकामा बाहेक सबै पालिकामा उपप्रमुखमा महिलाले काम गरिरहेका छन् । महिला सहभागिताको मुद्दा चर्को रुपमा उठिरहँदा ती नौ पालिकामा नेतृत्व गरिरहेका महिलाहरुले पालिका प्रमुखमा आफ्नो भूमिका स्थापित गर्न खोजिरहेको महशुस गर्न सकिन्छ । तर, सबै महिलाहरु पालिकाको नेतृत्व हाँक्न तयार र सक्षम छन् त ? यो गम्भीर प्रश्न छ । सहभागिताको मुद्दा उचित होला तर, सोहीअनुसार नेतृत्व क्षमता भएन भने पालिकाको पाँच वर्ष भविष्य के हुने भन्ने विषयमा पालिकाका जनताहरुको सोचाई पनि रहेको पाइएको छ । सहभागिताको मुद्दासंगै महिलाहरु सक्षम र सक्रिय हुने हो भने साँच्चै नै आ-आफ्नो पालिकालाई राम्रो बनाउन सक्ने क्षमता देख्न सकिन्छ ।

चुनाव नजिकिँदै छ । गाउँगाउँ टोलटोलमा राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु भोट माग्न आ-आफ्नो एजेण्डा बोकेर अगाडि बढेका छन् । ती एजेण्डाहरु कति महिलामैत्री छन् । कति स्थानीय ठाउँमैत्री छन् ? कति जनमुखी छन् ? भने बुझेर मतदाताले मतदान गर्नु जरुरी छ । संविधानमा जति महिलामैत्री भनेपनि स्थानीय तहमा महिलाले पालिका तहको नेतृत्व लिनु साँच्चिकै गम्भीर कुरो हो । महिलालाई अझै पनि दलहरुले पत्याउने अवस्था छैन । तैपनि महिलाहरुले यो अवसर पाउलान् त ? भन्ने जिज्ञासा सवत्र छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५१९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५१८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चिल्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७१, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाइ बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७८ चैत २२ गते मंगलबार ५ अप्रिल २०२२ । चैत शुक्ल चतुर्थी । चौल्लाथ्व चतुर्थी ११४२ । सूर्योदय ५:५० र सूर्यास्त ६:२३ मा हुनेछ ।

आजको राशिफल

मेष	: दाम कमाउने बेला छ	तुला	: नसोचेको फाइदा पाइनेछ
वृष	: प्रयत्न निरर्थक हुनेछ	वृश्चिक	: चुनौतीहरु बढ्नेछन्
मिथुन	: व्यावसायिक काम बन्नेछ	धनु	: आम्दानी घट्नेछ
कर्कट	: सहयोगीले असहयोग गर्नेछन्	मकर	: मित्रताले हर्ष बढ्नेछ
सिंह	: पढाइमा प्रगति हुनेछ	कुम्भ	: कामको तारिफ हुनेछ
कन्या	: समस्या दोहोरिन सक्नेछ	मीन	: अरुको मन लोभ्याउन सकिनेछ

दलित मुद्दामा दक्षिण एसियाली द्विविधा

परिवर्तनलाई एक कदम अगाडि बढाउन वर्तमान संविधानको प्रस्तावनालाई देहाय बमोजिम परिमार्जन गरिनुपर्छ- 'जातीय भेदभाव वैज्ञानिक रुपमा गलत र नैतिक रुपमा निन्दनीय छ भन्ने तथ्यलाई स्वीकार गर्दै, अबउप्रान्त कुनै प्रकारको छुवाछुत हुन नदिन गम्भीरतापूर्वक शपथ गर्दै, ऐतिहासिक अन्यायको सिकार भएका दलितहरुप्रति क्षमाप्रार्थी छौं'।'

✍कटक मल्ल

दलितहरुउपर निरन्तर रहेको अन्याय मानवताविरुद्धको अपराध हो । यस्तो गम्भीर ऐतिहासिक अपराधलाई आजसम्म आधिकारिक रूपमा स्वीकार गरिएको छैन, उदाहरणका लागि नेपाल र भारतका संविधानहरू पढ्नुहोस् । भीमराव अम्बेडकरद्वारा लेखिएको, धेरै प्रशंसा गरिएको र संविधानसभाबाट पारित गरिएको भारतीय संविधानमा ऐतिहासिक अन्यायबारे एक शब्द पनि बोलिएको छैन ।

नेपालको वर्तमान संविधानमार्फत ऐतिहासिक अपराधलाई आधिकारिक रूपमा स्वीकार गरी माफी माग्न सकिन्थ्यो तर त्यसो गरिएन (व्यक्तिगत रूपमा मैले सन् २००८ मा साइपाल एफएम रेडियोसँगको अन्तर्वार्तामा माफीको कुरा गरेको थिएँ) । के नेपाली बौद्धिकहरू वा नेपाल सरकार दलितहरूसँग माफी माग्न तयार छन् ? यो सवाल मनोवृत्ति परिवर्तन र ऐतिहासिक अन्यायको क्षतिपूर्तिका लागि पनि हो ।

ऐतिहासिक अन्याय भएको भनी स्वीकार गर्नु र त्यसका लागि माफी माग्नु विगतको गल्ती सच्याउने पहिलो कदम हो । क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले 'कोमागाटामारु घटना' र 'जलियाँवाला बाग नरसंहार' का लागि माफी मागेका छन् । बेलायत सरकारले त्यसो गरेको छैन । अमेरिका सरकारले मूल अमेरिकी निवासीसँग माफी मागेको छैन । दास व्यापारमा संलग्न साम्राज्यवादी मुलुकहरूले दास व्यापारका लागि पनि माफी मागेका छैनन् । अस्ट्रेलियाका प्रधानमन्त्री केभिन रुडले सरकारका तर्फबाट 'आदिवासी र टोरेस स्ट्रेट आइल्यान्डवासी बच्चाहरू' का लागि माफी मागेका छन्, जसलाई अस्ट्रेलियाली सरकारहरूद्वारा परिवारबाट जबर जस्ती अलग गरिएको थियो ।

ऐतिहासिक अन्यायका लागि सरकारी माफी माग्दा महत्त्वपूर्ण मनोवैज्ञानिक लक्ष्यहरू पूरा हुने सुझाव विभिन्न विद्वान्ले दिएका छन् । राजनीतिक क्षमायाचना पीडित र गैरपीडित दुवैलाई स्वीकार्य हुने हुन्छ । कहिले र कसरी माफी माग्नुपर्छ भन्ने विश्लेषणको प्रभावबारे छलफल गरेर निष्कर्षमा पुग्नुपर्छ । माफी माग्नुले मानिसहरूबीच फेरि सम्बन्ध सुधार्न मद्दत गर्छ र तिनीहरूलाई फेरि एकअर्कासँग सहज महसुस गराउँछ । औपचारिक माफी पनि सामाजिक न्याय स्थापना गर्ने एउटा माध्यम हो ।

बौद्धिकहरुको द्विविधा

दक्षिणपन्थी जुलियन बेन्डा र वामपन्थी एन्टोनियो ग्राम्सीका विचारको अध्ययन गर्दा, यी दुवै बौद्धिक दलित मुक्तिका सम्बन्धमा एकअर्कालाई समर्थन गर्ये होलान् भन्ने निष्कर्षमा पुग्न सकिन्छ । दक्षिण एसियाली दक्षिणपन्थी र वामपन्थी बौद्धिकहरूबीच त्यस्तो सहमतिको अभाव छ । नेपाल र भारतमा परम्परागत दक्षिणपन्थी बौद्धिकहरूले दलित मुद्दामा खासै वास्ता गर्दैनन् । दलितहरूलाई हिन्दु समाजमा समाहित गर्ने भन्ने भारतीय जनता पार्टी (भाजपा) को माउ संगठन राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) ले हरेक वर्ष अम्बेडकर जयन्ती मनाउँछ । अम्बेडकर विचार हिन्दुत्व दर्शनसँग मेल खान्छ भनी आरएसएस नाराबाजी हुँदै छ । आरएसएसलाई हिन्दु सुधारक भन्नु ज्ञानविरोधी हुन्छ । दक्षिणपन्थी बौद्धिकहरू धार्मिक पुस्तकलाई इतिहासका रूपमा लिन्छन् । चरम वामपन्थी बौद्धिकहरू यो कुरालाई साहित्यिक नभई इतिहासलाई चुनौती दिने सामग्रीका रूपमा लिन्छन् र पुस्तकका पात्रहरूलाई गाली गरेर सन्तोष मान्छन् ।

रिचर्ड डकिन्स र क्रिस्टोफर हिचेन्स विश्वका दुई प्रमुख नास्तिक हुन् । उनीहरूलाई चाडपर्व मनाउन कुनै अप्ठ्यारो छैन, तर दक्षिण एसियाली उग्र वामपन्थीहरू चाडपर्वलाई अपमान गरेर सन्तोष लिन्छन् । तिनीहरूले कट्टर धर्म र धर्मसँग जोडिएका सांस्कृतिक पक्षहरूबीचको भिन्नता छुट्याउन सक्दैनन् । वैज्ञानिक स्वभाव मार्फत विचारलाई चुनौती दिनु महत्त्वपूर्ण हो भन्ने तिनीहरूको सोचमा स्पष्ट छैन । दक्षिण एसियामा वामपन्थी र दक्षिणपन्थी एक यस्तो बौद्धिक वर्ग छ जसको साझा विशेषता भनेको एकअर्कालाई घृणा गर्नु हो । जस्तै, भाजपा बौद्धिकहरूले धर्मनिरपेक्षता शब्दलाई घृणा गर्छन् । उनीहरूले गम्भीर विचारकहरूको खिल्ली उडाउँछन् । जस्तै, सरकारको आलोचना गरेको भन्दै अमर्त्य सेनलाई निन्दा गरिन्छ । अर्को एक यस्तो बौद्धिक वर्ग छ जसले जातिवादविरुद्ध सार्वजनिक विचार राख्नेलाई पनि अवहेलना गर्छ । यस वर्गले दलितको दाबीलाई आफूसिवाय अरू कसैले गम्भीरतापूर्वक लिँदैन्न् भन्ने अहंकार राख्छ, दलित मुद्दा सस्तो राजनीतिका लागि उचाल्छ र दलित उन्मुक्तिप्रति इमानदार छैन । दलितप्रति ऐक्यबद्धता रहेको उग्र दाबी गर्ने वामपन्थी बौद्धिकहरू आफूले लेखेको (वा बोलेको) कुरा पूरा गर्न असफल भएका देखिन्छन् ।

पुँजीवाद, बजार र धर्मका लागि दक्षिणपन्थी बौद्धिकहरू सजिलै एकजुट हुन्छन् । तारिक अलीको भनाइ अनुसार, वामपन्थी दलहरूले विश्वव्यापी एकता देखाउँदैनन् । वामपन्थी बौद्धिकहरू आपसी झगडा गर्ने प्रवृत्तिका देखिएका छन् । समान विचार राख्ने बौद्धिकहरूलाई एकतामा ल्याउनुको सट्टा निन्दा मात्र गर्छन् । वामपन्थी बौद्धिकहरूले दक्षिणपन्थीलाई चुनौती दिने शक्ति गुमाएका छन् । अरुन्धती रायले महात्मा गान्धीले भेदभाव गरेको आरोप लगाएकी छन् भने ठूला बाँधहरूका लागि नेहरूको आलोचना गरेकी छन्, जसले भाजपा विचार धारालाई सहयोग गरेको छ । गान्धी र नेहरू विरोधी विचारहरूले भाजपालाई राष्ट्रिय चुनाव जिताउन मद्दत गरिरहेका छन् । यी केही उदाहरण हुन् र सूची लामो हुन सक्छ ।

'लिम्ड दलित एक्सपिरिएन्स'

दलित, महिला र सबाल्टर्नलाई आफ्नो जीवनको साँचो अनुभव हुन्छ । भोगेको अनुभव (लिम्ड एक्सपिरिएन्स) सम्बन्धी रेमन्ड विलियम्सको प्रसिद्ध उद्धरण छ, 'भोगेको अनुभव सबैभन्दा पूर्ण, सबैभन्दा खुला, सबैभन्दा सक्रिय चेतना हो जसमा भावना र विचार समावेश हुन्छ ।' भोगेको अनुभवका आधारमा सान्ड्रा हार्डिङ, हिलारी चार्ल्सवर्थ र डोना हाराडवेले नारीवादी अध्ययन र उद्देश्यहरूलाई फरक विन्दुबाट परख गरेका छन् । विशेष गरी डोना हाराडवेले तीन प्रमुख दावी गरेकी छन्- पहिलो, ज्ञान सामाजिक रूपमा सीमान्तकृत समूहमा अवस्थित हुन्छह दोस्रो, सीमान्तकृत समूहहरू सामाजिक रूपमा सचेत हुन्छन् र, अनुसन्धान सीमान्तकृत जीवनबाट सुरु गर्नुपर्छ । उनको विचारलाई उत्तर-मानववादी विचार पनि भनिन्छ तापनि सत्य खोज्नका लागि यी तीन बुँदा महत्त्वपूर्ण छन् ।

'लिम्ड दलित एक्सपिरिएन्स' लाई दलित आत्मकथाहरूको प्रतिनिधि जीवन-कथाका रूपमा बुझ्न सकिन्छ । 'सामूहिक पीडाको प्रतिनिधित्व' र सीमान्तकृतहरूका लागि राजनीतिक विधाको आत्मकथाको वर्णन गर्न 'टेस्टिमोनियो' अनुभवका 'सत्य उत्पादन' शब्दहरू प्रयोग गरिँदै आएका छन् । अनुभवलाई जीवन-कथनमा परिणत गर्ने साहित्यको शक्तिले अन्ततः एउटा भिन्न प्रकार को सामाजिक अनुभवलाई जन्म दिने विश्वास गरिन्छ । ऐतिहासिक अन्यायविरुद्धको लडाईंमा साहित्य र कविताको ठूलो भूमिका हुन्छ ।

दलित मुद्दामा भीमराव अम्बेडकर बराबर केही छैन भनिन्छ । अम्बेडकर विश्वस्तरीय धर्मनिरपेक्ष बौद्धिक थिए कम्युनिज्म, हिन्दुवाद र मुस्लिमका बारेमा गहिरो ज्ञान र आलोचनाका कारण उनी समकालीन गान्धी र नेहरूभन्दा विद्वान् मानिन्थे । साम्राज्यहरूविरुद्ध गान्धी र नेहरूको संघर्ष र विश्वका धेरै राष्ट्रको स्वतन्त्रताका लागि तिनीहरूको योगदान अम्बेडकरको योगदानविरुद्ध खडा गर्नु हुँदैन । सबै महान् मस्तिष्कहरू एकै किसिमका हुँदैनन् । गान्धीमा कमजोरी थियो र नेहरूमा पनि ।

महान् मस्तिष्कहरू इमानदार आलोचना साथ सम्मानित हुनुपर्छ । अम्बेडकरको आलोचना गर्नेहरू भनि भन्थे- धार्मिक विश्वासले आफूलाई कट्टरपन्थी बनाउँछ भन्ने थाहा पाएर उनी आस्तिक भएका थिए (बुद्ध धर्म ग्रहण गरे, यसमा केही गलत छैन) । अम्बेडकरले इसाई धर्म, यसका आज्ञाहरू र अनुसन्धानको धेरै आलोचना गरेनन् । धेरै वर्षदेखि अमेरिकामा बसेका भए पनि उनले त्यहाँको नस्लवादका बारेमा धेरै लेखेनन् । मुस्लिम र हिन्दु धर्मविरुद्धको अम्बेडकरको आलोचनालाई क्षिणपन्थी र वामपन्थी बौद्धिकहरू एकअर्काविरुद्ध दुरुपयोग गरिरहेका छन् । किन गान्धी, नेहरू र अम्बेडकर संविधानमार्फत दलितसँग माफी माग्न असफल भए ?

के दलितका बारेमा दलितले मात्र लेख्नुपर्छ ?

'लिम्ड दलित एक्सपिरिएन्स' ले हामीलाई सत्य बुझ्न मद्दत गर्छ । तर के दलितका बारेमा दलितले मात्र लेख्नुपर्छ ? के महिलाले मात्र महिलाका बारेमा लेख्नुपर्छ ? के समलिंगी र ट्रान्सजेन्डर (एलजिबिटी) का बारेमा उनीहरूले नै मात्र लेख्नुपर्छ ?

मानिसहरूमा समानुभूति हुन्छ । एकले अरूका बारेमा इमानदारी, ठोस, सहानुभूतिपूर्वक र विरोधाभासी रूपमा सोच्न हुन्छ र लेख्न सकिन्छ भन्ने कुरा स्वीकार गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ । यसका अतिरिक्त, समानता, न्याय र व्यक्तिगत प्रतिबद्धताले एक-अर्काका लागि लेख्न-बोल्न सचेत बनाउँछ । त्यसैले मार्टी कोस्केनेमी भन्छन्, 'अन्तर्राष्ट्रिय कानुनी धारणाले केही आवाजलाई विशेषाधिकार दिने र अरूलाई मौन बनाउन काम गर्छ, र महिलाहरूलाई राज्यद्वारा मौन गरिन्छ ।' साथै, 'द्वन्द्वको संसारमा पीडक हैन पीडितको पक्षमा उभिनुपर्छ' भन्ने अल्बर्ट कामुको उद्धरणले हामीलाई उपयोगी ज्ञान दिन्छ ।

दलित समुदाय आर्थिक, सामाजिक र राजनीतिक इतिहासमा सीमान्तीकृत थियो । विगत र इतिहासलाई हेर्नुपर्ने कारण हो- दलितहरूको वर्तमान अवस्थाको जरा विगतमा छ, उनीहरूको सामाजिक अनुभवका बावजुद उनीहरूका मुद्दा र आवाजहरू सीमान्तै रहन दिनु हुँदैन । आलोचनात्मक सिद्धान्तले 'दलित' लाई नयाँ आयाम दिएको छ । 'सबाल्टर्न एक मौन स्थिति हो' भन्दिन् गायत्री चक्रवर्ती स्पिभाक । उनको सबैभन्दा प्रभावशाली निबन्ध, 'के सबाल्टर्न बोल्न सक्छ ?' को मुख्य तर्क हो- सबाल्टर्नहरूले तबसम्म आवाज उठाउन सक्दैनन् जबसम्म उनीहरूले आफ्नो स्थिति परिवर्तन गर्दैनन् । तर त्यो गर्न सजिलो छैन किनभने दलितहरू टुटेका छन् र दमनमा छन् । स्पिभाकका अनुसार, 'लिम्ड दलित एक्सिपरिएन्स' त्यसैले महत्त्वपूर्ण हुन्छ किनकि त्यसले सत्य उजागर गर्छ । साथै अल्बर्ट कामु भन्छन्, 'जब पीडितले बोल्न थाल्छ तब ऊ पीडित रहँदैन । पीडित विद्रोही बन्छ ।' त्यसैले दलित समुदायप्रति ऐक्यबद्धता जनाउनु र दलित आवाजसँग आवाज उठाउनु बौद्धिकहरूको नैतिक कर्तव्य हो ।

परिवर्तनका लागि एक कदम

नेपाल र भारतका कानूनले छुवाछुतलाई प्रतिबन्ध लगाएका छन् । दलितलाई संरक्षण गर्ने कानुन र कार्यक्रमहरू छन् । तर दलितहरूको सुरक्षाका लागि बनाइएका कानूनहरूको कार्यान्वयन कमजोर छ । दलित मुद्दालाई कुनै पनि राजनीतिक दलले गम्भीरतापूर्वक लिएको छैन । ट्रेड युनियन आन्दोलनले दलित मजदुर का मुद्दाहरूलाई पनि बेवास्ता गरेको छ । मानव अधिकार कार्यकर्ताहरूले दलित मुद्दालाई गम्भीर तापूर्वक लिएका छैनन् । सामाजिक परिवर्तन ढिलो हुन्छ र यसले राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक वातावरण बदल्न जनताको सामाजिक-मनोविज्ञानलाई परिवर्तन गर्न आवश्यक छ । व्याख्यात्मक-रचनावादी र तुलनात्मक दृष्टिकोणहरूको संयोजन प्रयोग गरेर नागरिक मूल्यहरूको विकास गर्न शिक्षाको प्रयोग गर्नु एउटा रणनीति हुन सक्छ । विद्यालय पाठ्यक्रमले कुनै समूह वा वर्गका मानिसहरूलाई भेदभाव नगर्ने सक्रिय नागरिक शिक्षा आवश्यक छ ।

परिवर्तनलाई एक कदम अगाडि बढाउन वर्तमान संविधानको प्रस्तावनालाई देहाय बमोजिम परिमार्जन गरिनुपर्छ- 'जातीय भेदभाव वैज्ञानिक रूपमा गलत र नैतिक रूपमा निन्दनीय छ भन्ने तथ्यलाई स्वीकार गर्दै, अबउप्रान्त कुनै प्रकारको छुवाछुत हुन नदिन गम्भीरतापूर्वक शपथ गर्दै, ऐतिहासिक अन्यायको सिकार भएका दलितहरू प्रति क्षमाप्रार्थी छौं ।' यसलाई विद्यालयहरूका पाठ्यक्रममा समावेशसमेत गराएर सामाजिक-मनोविज्ञानलाई परिवर्तन गर्न सकिन्छ । यसका लागि के प्रधानमन्त्री शेरबहादुर देउवा र उनको मन्त्रिपरिषद्, प्रमुख प्रतिपक्षी दल र अन्य राजनीतिक दलहरू तयार छन् ?

(साभार: ई-कान्तिपुर)

पहिलो बिरामी जाँच्दा...

✍डा विश्वबन्धु शर्मा

पुतलीसडक हाइटमा डा अवनीभूषण उपाध्यायको घर र नजिकै क्लिनिक थियो । त्यहाँ म बराबर गइरहन्थें । उहाँले एक दिन यसरी नबस, क्लिनिक चलाउ भन्नु भयो । उहाँले 'म, डा लोहित, डा बमलगायत १०/१५ जना राम्रै प्राक्टिस गरिरहेका छौं । हामीकहाँ आउने मानसिक रोगका बिरामी तिमीकहाँ पठाइ दिन्छौं काम शुरु गर' भन्नु भयो । त्यसवेला बिरामीको फि कन्सल्टेन्टको २० रुपियाँ र मेडिकल अफिसर को १५ रुपियाँ थियो ।

म रसियामा पढ्न जाँदा नेपालमा आएर काम गर्छु भनेर शर्तनामा गरेर गएको थिएँ । तर सरकारले जागिर दिन नसकेकाले मलाई त्यो शर्तबाट मुक्त गरिदेउ भनेर मुद्दा हाल्छु र रुसको प्रोफेसरसँग कुरा गरेर काम गर्न क्युवातिर जान्छु भन्ने सोचाइ आइरहेको थियो । क्युवाले पुरै ल्याटिन अमेरिकाभरि डाक्टर पठाउँथ्यो ।

मलाई निकै तनाव भइरहेकोले यस्तो सोच्न थालिसकेको थिएँ । त्यही वेला डा अवनीले त्यसो भनेपछि मैले 'बिरामीसँग पैसा लिएर खान त सक्तिन, मेरो मनले दिँदैन डा साब' भनें । उहाँले त्यसरी सोचेर हुँदैन भन्नु भयो । पुतलीसडकमा प्रधानजीको कालिन्चोक भन्ने औषधि पसल थियो । त्यहीं उहाँको क्लिनिक थियो ।

यसरी नाइ नाइ भन्दा भन्दै एक दिन उहाँले 'भोली तिमी क्लिनिकमा आउनुपर्छ, गाउँतिरको एक जना बिरामी महिलालाई बोलाइदिएको छु । मैले नयाँ डासाब आउनु भएको छ नसाहरु हेर्ने' (मानसिक भन्न नमिल्ने) भन्नुभएछ । उहाँले 'फि पनि लिनुपर्छ । मैले उहाँ भर्खर पढेर आएको भेट्नै गाह्रो छ, उहाँलाई स्पेसल बोलाएकोले ३० रुपियाँ फि तिर्नुपर्छ' भन्नु भएछ । चार बजे बिबरामी बोलाएको छु । सँढि चारतिर आउनु भन्नु भयो ।

उहाँले त्यति भनिसके पछि म जाने भएँ । आखिरी कति दिन घुमेर बस्ने? बिरामीलाई टाइम दिएर बोलाइ सकेकाले जानुपर्छ भन्ने विचार आयो ।

पहिलो बिरामी जाँच्दा

रसियन बिरामी त धेरै हेरिएको थिएँ । तर नेपालमा यो पहिलो बिरामी थियो । पहिलो पटक बिरामी जाँच्न क्लिनिकमा जान लागेकोले के गरौं कसो गरौं भयो । बिहान सेभिङ गरेको भएपनि फेरि गरें । रुसबाट ल्याएको कालो सुट लगाएँ । रातो टाइ, सेतो शर्ट लगाएर ब्रिफकेस बोकेर टिपटप भएर गएँ ।

मलाई निकै गाह्रो भइरहेको थियो । सरासर डा अवनीकै रुममा पसें । बिरामी बहिर कुरिरहेको रहेछ । 'ल डा साब आउनु भो' भने त्यहाँ । उहाँले आफ्ना बिरामीलाई बाहिर राखेर, मलाई बिरामी ल्याएर भेटाइदिनु भयो र आफू एकछिन बाहिर निस्कनु भयो ।

पोखराकी महिला, जीउ ढाक्ने गरी सुनै सुन लगाएर आएकी थिइन् । उमेर ५५ वर्ष जति थियो । हिस्ट्री लिएँ । यता दुख्छ उता दुख्छ जतातते दुख्छ भनिन् । मलाई न्यूरोको पनि ज्ञान थियो । त्यसबेला सिटी स्क्यान होइन कि पिनले घोचेर, बुसले छोएर समस्या पत्ता लगाउँनु पर्थ्यो । आधा घण्टा लगाएर न्यूरोलोजिकल परीक्षण गरें । खासै रोग देखिएन, सामान्य मानसिक समस्या थियो । साधारण औषधि लेखिदिएँ । ३० रुपियाँ फि तिरे पनि उनी खुसी थिइन् । तर मलाई त्यो ३० रुपियाँ खल्तीमा हाल्ना साथ पोलेको अनुभव भयो । मेरो लागि त्यो निकै ठूलो कमाइ थियो । त्यो पैसा म घर लान्न भनें । डा अवनिले गाली गर्नुभयो । मैले त्यो साँझ डा अवनी र अरु ४/ ।५ साथीहरुलाई कर लगाएरै खिचापोखरीको आनआन रेष्टुराँमा लगें र खुवाएँ । सस्तो थियो, त्यो पैसा सबै खर्च भएन ।

त्यसबेला काठमाडौंका सडक प्रायः सुनसान जस्तै थिए । गाडीहरु पातला थिए । सडक साँघुरै भए पनि त्यहीं पार्किङ गरेर काम गर्न मिल्थ्यो । मोटरसाइकल पनि ज्यादै कम थिए । त्यसबेला सिजी १२५ होण्डा जापानिज मोटरसाइकल निकै राम्रो मानिन्थ्यो । कुनै दिन पैसा भयो भने म पनि त्यस्तै मोटरसाइकल किन्छु भनेर सोच्थें । हेर्दा निकै आकर्षक थियो । त्यसवेला अधिकांश नयाँ डाक्टरहरुको सपना त्यो मोटरसाइकल हुन्थ्यो ।

एक दिन एकजना आफन्तकहाँ गएको थिएँ । घरमा मान्छेले ल डा साब आउनु भो भने । एउटा बच्चाले 'बै त मोटरसाइकल ?' भनिदियो । डाक्टर भनेकै मोटर साइकल चढ्ने हुन्छ भन्ने हुन्थ्यो । थोरै विशेष किसिमका त्यसमा पनि शाही डाक्टरहरुको चाहिँ गाडी हुन्थ्यो, नत्र त आम डाक्टरको मोटरसाइकल नै हुन्थ्यो ।

(साभार: स्वास्थ्यखबरपत्रिका)

वाइसिएलमा निर्वाचन लक्षित कार्यविभाजन

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/नेकपा माओवादी केन्द्रको भातृ संगठन योङ कम्युनिष्ट लिग (वाइसिएल) मकवानपुरले आसन्न स्थानीय तहको निर्वाचनलाई लक्षित गरेर कार्यविभाजन गरेको छ ।

हेटौंडामा बसेको वाइसिएलको विस्तारित बैठकले निर्वाचन क्षेत्र र पालिकाहरुमा इन्चार्ज तोकेको हो । वाइएिलको प्रतिनिधिसभा निर्वाचन क्षेत्र १ इन्चार्जमा विष्णु नेगी, संयोजक सागर कटुवाल, सचिव जयराम पुडासैनी, प्रतिनिधिसभा १ को (क) मा इन्चार्ज दिपक राना, संयोजक मिलन लामा सचिव सुन्दर न्यौपाने, प्रतिनिधिसभा १ को (ख) मा ईन्चाज सुन्दर बज्यु, सचिव विजय नेगीलाई जिम्मेवारी दिइएको छ ।

प्रतिनिधिसभा क्षेत्र २ इर्न्चाजमा प्रकाश थापा, संयोजकमा श्याम लामा, सचिव गोबिन्द घलान, २ को (क) इर्न्चाज सानोवाबु मोक्तान, संयोजक जयशंकर मगर, सचिव पन्च गोले, २ को (ख) मा इर्न्चाज दिपेन्द्र अधिकारी, संयोजक सुरेन्द्र घलान, सचिव ईन्द्रलाल चेपाङलाई तोकिएको छ ।

वाइसिएल हेटौंडा उपमहा नगरपालिका इर्न्चाजमा जगदिश दाहाल, बागमती गाउँपालिका इर्न्चाज देवराज थिङ, बकैया गाउँपालिका इर्न्चाज संगम लामा, मकवानपुरगढी गाउँपालिका इर्न्चाज देवराज घिमिरे, इन्द्रसरोवर गाउँपालिका ईन्चार्ज हरि बल, भिमफेदी गाउँपालिका इर्न्चाज दिपक गोले, कैलाश गाउँपालिका इर्न्चाज पशुपति वाईवा, मनहरी गाउँपालिका इर्न्चाज इश्वर थापा र राक्सिराङ गाउँपालिका इर्न्चार्जमा भिम लामा चयन भएका छन् ।

वाइसीएल मकवानपुर जिल्ला समन्वय समिति संयोजक लवराज ठकुरीको अध्यक्षता तथा माओवादी केन्द्र बागमती प्रदेश कमिटी उपाध्यक्ष प्रेमबहादुर पुलामी 'छिन्तु'को प्रमुख आतिथ्यतामा बैठक बसेको थिये ।

यसैगरी, माओवादी केन्द्र निकट प्रेस सेन्टर मकवानपुरले पनि निर्वाचन लक्षित समाचार संयोजनका लागि १० वटै स्थानीय तहमा जिम्मेवारी प्रदान गरेको छ ।

शनिवार बसेको सेन्टरको बैठकले जिल्ला कमाण्डमा कृष्ण सारु मगर, अञ्जली थापालगायत, हेटौंडामा नवराज वाईबा र राजेश गरिब, थाहामा इच्छापूर्ण कार्की, बागमतीमा विवेक सिन्तान, बकैयामा शुभलक्ष्मी विक, मकवानपुरगढीमा एमपी शर्मा, भीमफेदीमा सरला अधिकारी, मनहरीमा उमेश राई, राक्सिराङमा जयराम मुक्तान, इन्द्रसरोवरमा मुकेश गोले, कैलाशमा राजकुमार स्याङबोलाई संयोजनको जिम्मेवारी प्रदान गरिएको छ ।

नेपाली लेखक संघको केन्द्रीय सदस्यमा पुन: आचार्य

हेटौंडा, २० चैत/मकवानपुर साहित्यकार हयग्रीव आचार्य नेपाली लेखक संघको केन्द्रीय सदस्यमा पुन: निर्वाचित भएका छन् ।

शनिबार पोखरामा सम्पन्न सैको सातौं राष्ट्रिय अधिवेशनबाट आचार्य खुला केन्द्रीय सदस्यमा निर्वाचित भएको हो ।

अधिवेशनले कवि तीर्थ श्रेष्ठलाई आगामी तीन वर्षका लागि अध्यक्षमा निर्विरोध चयन गरेको छ । सहअध्यक्ष डा. रत्नमणि नेपाल, खुला उपाध्यक्ष शैलेन्द्रप्रकाश नेपाल, कोषाध्यक्ष दामु मर्सिफुल खुला सचिव गणेश शर्मा र महिला सचिव अनुपमा रेग्मी पनि निर्विरोध चयन भएका छन् ।

मतदानबाट महिला उपाध्यक्षमा सन्ध्या पहाडी, महासचिव सोभो गाउँले र उपमहासचिवमा श्रीबाबु कार्की उदास निर्वाचित भएका छन् । अधिवेशनले कुल ३६ सदस्यीय केन्द्रीय समिति चयन गरेको छ ।

निर्वाचनपछि सपथ ग्रहणमा बोल्दै नवनिर्वाचित अध्यक्ष श्रेष्ठले नेपाली लेखक संघको नयाँ कार्यसमितिले आफ्नो कार्यकालमा देखिनेगरी काम गर्ने प्रतिबद्धता व्यक्त गरे । साथै प्रदेशमा आफ्ना नियमित बैठक सहित अन्य उपलब्धीमूलक कार्यक्रम गरेर संघलाई बलियो रुपमा अगाडी बढाउने श्रेष्ठको भनाई छ ।

अधिवेशनमा शुक्रबार मकवानपुरका कवि छवि अनित्यको दोस्रो कविता संग्रह 'तुइनको बाटोको विमोचन गरिएको थियो । शुक्रबार देखि दुईदिन चलेको राष्ट्रिय अधिवेशनमा देशभरबाट करिब तीनसय लोकतान्त्रिक लेखकहरुको सहभागिता रहेको थियो ।

क्लासिक टेकको रात्रिकालीन 'फिल्ड सपोर्ट' सेवा

हेटौंडा, २० चैत/देशकै अग्रणी तथा ठूलो नेटवर्क सेवा प्रदायक कम्पनी क्लासिक टेक नेपालमा सन् २००९ देखि सुभारम्भ भएको र १२ बर्षमै ७४ वटा जिल्लाका १०३ आउटलेटबाट सेवा सञ्चालनमा ल्याएको छ । देशमा इन्टरनेट प्रयोग गर्ने संख्या बढ्दै जाँदा क्लासिक टेकले कम मूल्यमा स्वस्थ स्पूर्थ सेवा दिंदै आएको छ ।

क्लासिक टेकले रात्रिकालीन 'फिल्ड सपोर्ट' सेवा ६ महिनाबाट अधिकांश सहरहरुमा परीक्षण गरि रहेको र यसलाई प्रधिकमिकता दिंदै कम्पनी ले ८०० जना थप कर्मचारी देशभरी पनि मागेको थियो ।

ग्राहकले २४ चौबिसै घण्टा 'फिल्ड सपोर्ट' सेवा पाउनको निम्ति कम्पनीले ग्राहकलाई गुनासो पत्र दर्ता भएपछि ग्राहकको अनुरोधमा राती १० बजेसम्म सेवा दिने र आगामी दिनमा यसलाई अझै बढाउन सकिने बताएको छ ।

यो गर्नु को मुख्य उदेश्य ग्राहकलाई २४ चौबिसै घण्टा सेवा दिनु हो साथै क्लासिक टेकले ग्राहक सेवामा प्रधिकमिकता दिंदै आएको छ । अब ग्राहकको गुनासो पत्र दर्ता भएको २ घण्टाको कार्यमा कम्पनीले सेवा दिन सकिने बताएको छ । कम्पनीले ग्राहकको गुनासो पत्र दर्ता भएर आफ्नो कारणबाट ग्राहकलाई समयमा सेवा दिन नसकेकोमा समय अनुसारको क्षेतिपूर्ति दिंदै आएको छ ।

एमबीबीएस अध्ययनरत विद्यार्थी नै नक्कली परीक्षार्थी

भारतदेखि खेताला, १८ लाखसम्म शुल्क

काठमाडौं/एमबीबीएस अध्ययनका लागि चिकित्सा शिक्षा आयोगले लिने प्रवेश परीक्षामा नक्कली परीक्षार्थी बन्नेहरू किस्ट कलेजका विद्यार्थीदेखि भारतीय नागरिकसम्म रहेको खुलेको छ ।

लामो निगरानी र सुक्ष्म अनुसन्धान पछि अपरेसन 'इको'नाम दिएर महानगरीय प्रहरी अपराध महाशाखाले गरेको अपरेसनमा नक्कली परीक्षार्थी बनेकाहरुमध्ये तीन जना किस्ट कलेजका विद्यार्थी रहेको खुलेको छ ।

चैत १८, २० र २१ गते सञ्चालन हुने एकीकृत प्रवेश परीक्षामा नक्कली परीक्षार्थी सहभागी हुने गरेको सूचना आएपछि महाशाखाले निगरानी बढाएको थियो । जसअनुसार १८ गते पाँच जनालाई पक्राउ गरी कारबाहीका लागि महानगरीय प्रहरी परिसर टेकु र ललितपुरमा पठाएको छ ।

भारतीयदेखि एमबीबीएस तेस्रो वर्षमा अध्ययनरत विद्यार्थी समेत पक्राउ

नक्कली परीक्षार्थी बनेर परीक्षा दिएको आरोपमा प्रहरीले पाँच जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा भारतीय नागरिकदेखि एमबीबीएस तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीसम्म रहेको महाशाखाका एसएसपी वसन्त कुँवरले बताए ।

कोटेश्वरस्थित ग्रामर स्कुल परीक्षा केन्द्रबाट सप्तरीको राजगढ गाउँपालिका-१ का २६ वर्षीय राम आशिष यादव पक्राउ परेका थिए । रकम लिएर अरुको परीक्षा दिने यादव किस्ट कलेजमा एमबीबीएस तेस्रो वर्षमा अध्ययनरत विद्यार्थी हुन् ।

उनले रुपन्देहीको ओमसतिया गाउँपालिका-३ का २० वर्षीय स्मित सिंहको नामबाट परीक्षा दिएका थिए । स्मितको प्रवेशपत्रमा आफ्नो फोटो टाँसेर यादवले परीक्षा दिएको प्रहरीको दाबी छ । उनी पटक पटक नक्कली परीक्षार्थी भएको समेत अनुसन्धानबाट खुलेको छ । उनले नक्कली परीक्षार्थीको रुपमा बी फार्मेसीको समेत परीक्षा दिने तयारी गरेको पाइएको छ ।

उनीसँगै किस्ट कलेजमा अध्ययनरत तीन जना विद्यार्थी पक्राउ परेका छन् । किस्टमा एमबीबीएस प्रथम वर्षमा अध्ययनरत २२ वर्षीय विद्यार्थी अमर पण्डितलाई नक्कली परीक्षार्थी बनेर परीक्षा दिँदै गरेको अवस्थामा ललितपुरस्थित सीसीआर सी कलेजबाट पक्राउ गरिएको हो ।

पूर्वसूचना अनुसार उनलाई रेकी र सोधपुछ गरेपछि पण्डितले पुरै परीक्षा समेत नदिई परीक्षा हलबाट निस्केका थिए । प्रहरीसमक्ष पण्डितले भनेका छन्, 'नक्कली होरहोइन भनेर पहिल्यै केरकार भएकाले डरले पुरै परीक्षा नै नदिई निस्केका हुँ ।'

महोत्तरीको सम्सी-४ का पण्डितले धनुषाको जनकपुर उपमहानगरपालिका-१४ का २१ वर्षीय वृकेश यादवको नामबाट परीक्षा दिएका थिए ।

सर्लाहीको चक्रघट्टा-४ का २२ वर्षीय रामनाथ चौधरी एमबीबीएस अध्ययनरत नक्कली परीक्षार्थी हुन् । किस्ट कलेजमै एमबीबीएस पहिलो वर्षमा अध्ययनरत चौधरीले धनुषाको अन्दुपट्टी गाउँपालिका-१ का २२ वर्षीय आजिव कुमार यादवको नाममा परीक्षा दिएको खुलेको छ । उनलाई पनि सीसीआरसी कलेजस्थित परीक्षा केन्द्रबाट नियन्त्रणमा लिइएको हो ।

नक्कली परीक्षार्थी बनेर एमबीबीएसको परीक्षा दिन भारतदेखि काठमाडौंसम्म आएका व्यक्ति समेत समातिएका छन् । भारत बिहार औरगंबाद, रफिगञ्जका २४ वर्षीय इस्तियाख अहमद पनि पक्राउ परेका हुन् । उनले महोत्तरीको सम्सीका २३ वर्षीय सन्नीकुमार साहको नामबाट परीक्षा दिएका थिए । अहमदलाई एमबीसन कलेज मध्यबानेश्वरबाट पक्राउ गरिएको हो ।

खेताला खोजर आफ्नो नाममा परीक्षा दिन लगाउने सन्नी पनि समातिएका छन् । बाँकी तीन जना भने फरार रहेकाले उनीहरुलेको खोजी भइरहेको प्रहरीले जनाएको छ । मुद्दा बुझाउने बेलासम्म पक्राउ नपरे फरार प्रतिवादी बनाएर मुद्दा लगिने प्रहरीले जनाएको छ ।

१८ लाखसम्म शुल्क

नक्कली परीक्षार्थी बनेर परीक्षा दिनेहरुले १८ लाख रुपैयाँसम्म असुली गर्ने गरेको महाशाखाका प्रवक्ता तथा एसपी कृष्ण कोइरालाले जानकारी दिए । जस्ट पास भएकाहरुबाट ५ लाख रुपैयाँसम्म लिने सर्तमा नक्कली परीक्षार्थी बनेर परीक्षा दिने गरेको खुलेको छ । त्यसैगरी, निश्चित रकम तिरेर एमबीबीएस अध्ययनरत गर्न पाउने गरी नाम निस्केकाहरुले १० लाख रुपैयाँसम्म दिनुपर्ने सर्तमा परीक्षा दिने गरेको खुलेको छ ।

फ्रि स्कलरसीपमा नाम निस्केकाहरुले भने नक्कली परीक्षार्थीलाई १८ लाख रुपैयाँसम्म दिनुपर्ने सर्तमा परीक्षा दिइएको खुलेको हो । पास भएपछि बाँकी रकम लिने सर्तमा एड्भान्सको रुपमा ५० हजार रुपैयाँदिखि २ लाख रुपैयाँसम्म शुल्क लिएर परीक्षा दिइएको पाइएको छ ।

चिकित्सा क्षेत्रमा कार्यरत चिकित्सकहरुले समेत एमबीबीएस पढिरहेका तर आर्थिक अवस्था कमजोर भएका जेहेन्दार विद्यार्थीलाई विभिन्न प्रलोभन देखाएर नक्कली परीक्षार्थीको रुपमा प्रयोग गर्ने गरेको पाइएको एसपी कोइरालाले बताए ।

प्रवेशपत्रदेखि नागरिकतासमेत कीर्ते

नक्कली परीक्षार्थी बनेर परीक्षा दिनका उनीहरुले प्रवेशपत्रदेखि नागरिकता समेत कीर्ते गरेको खुलेको छ । क्रस चेक हुने सम्भावना भएको र नागरिकतामा भएको फोटोसँग मेल खुवाउनका लागि उनीहरुले नागरिकता समेत कीर्ते गरेको खुलेको एसपी कोइरालाले बताए । सक्कली परीक्षार्थीको प्रवेशपत्र र नागरिकतामा भएको फोटो उप्काएर नक्कली परीक्षार्थीको फोटो टाँस गरी स्ट्याम्प समेत हानेर हुबहु बनाउने प्रयास गरिएको प्रहरीले जनाएको छ । यसरी सरकारी तथा सार्वजनिक कागजात कीर्ते गरेकाले उनीहरुविरुद्ध सार्वजनिक लिखत सम्बन्धीको कसूरमा म्याद लिएर अनुसन्धान प्रक्रिया अघि बढाइने प्रहरीले जनाएको छ । अर्कोतर्फ चिकित्सा शिक्षा ऐन पनि आकर्षित हुने भएकाले सो अनुसार पनि कारबाही प्रक्रिया अघि बढ्ने प्रहरीले जनाएको छ ।

(स्रोत: स्वास्थ्यखबरपत्रिका)

खोप ३ महिनामै बुस्टर डोज पाइने

काठमाडौं/अबदेखि पहिलो श्रृंखला पूरा गरेको लगाएको तीन महिनामै कोरोना भाइरसविरुद्धको बुस्टर खोप लगाउन पाइने भएको छ ।

राष्ट्रिय खोप सल्लाहकार समितिले कोभिड-१९ को खोपको पहिलो श्रृंखला पूरा गरेको तीन महिनापछि नै बुस्टर खोप दिने निर्णय गरेको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको परिवार कल्याण महाशाखाले सबै प्रदेशका स्वास्थ्य निर्देशनालय, प्रदेश स्वास्थ्य आपुर्ति केन्द्र र ७७ वटै जिल्ला स्वास्थ्य कार्यालयलाई पत्राचार गर्दै पहिलो श्रृंखलाको खोप पूरा गरेको तीन महिनामै बुस्टर डोज दिन आग्रह गरेको छ ।

'राष्ट्रिय खोप सल्लाहकार समितिको २०७८ चैत १३ गते सिफरिसको आधारमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्णय अनुसार पहिलो श्रृंखला पूरा गरेको तीन महिनापछि एक मात्रा बुस्टर खोप दिने व्यवस्था गर्न गराउनुहुन अनुरोध छ ।' पत्रमा भनिएको छ ।

यसअघि कोभिड -१९ को पहिलो श्रृंखला खोप लगाएको ६ महिनापछि मात्र बुस्टर डोज दिने गरिएको थियो ।

चैतमै नदीमा पानीको सतह बढ्यो, विद्युत् उत्पादन दोब्बर

काठमाडौं/यो वर्ष चैत महिनामै अनपेक्षित रुपमा नदीहरुमा पानीको सतह बढेको छ । जसले जलविद्युत् आयोजनाहरुको उत्पादन पनि बढ्न पुगेको छ ।

नेपाल विद्युत प्राधिरकणका प्रवक्ता तथा भारप्रेषण केन्द्रका प्रमुख सुरेशबहादुर भट्टराई धेरै वर्षपछि चैत महिनामै बिजुलीको उत्पादन अहिलेसम्मकै आयोजनाहरुमा उच्च रुपमा बढेको हो ।

'यो वर्ष हिमालका तल्ला भेगमा बाक्लो हिमपात भएको थियो, अहिले गर्मी बढेकाले त्यो हिउँ छिट्टै पग्लिएको हुनसक्छ,' उनले भने, 'विशेषगरी हिमनदीमा आधारित प्राधिकरणका आयोजनाहरुबाट हुने उत्पादन गत वर्षहरुको चैतको भन्दा दोब्बर छ ।'

तर, यो बहाव कति दिनसम्म कायम रहन्छ भन्ने निश्चित नरहेको उनले बताए । उनका अनुसार गत वर्षहरुमा चैतमा ५८ मेगावाट प्रतिघण्टा उत्पादन दिने 'कालीगण्डकी ए जलविद्युत आयोजना'ले अहिले करिब १२० मेगावाट आवर प्रतिघण्टामा पुगिसकेको छ ।

त्यसैगरी मध्यमर्स्याङ्दीले विगतका चैतमा २८ मेगावाट प्रतिघण्टासम्म बिजुली दिने गरेमा अहिले ५७ मेगावाट प्रतिघण्टाभन्दा माथि पुगेको छ ।

'तामाकोसीले १२० मेगावाट प्रतिघण्टा उत्पादन हुने अनुमान गरि एकोमा १५.२ मेगावाट प्रतिघण्टासम्म उत्पादन दिइरहेको छ,' उनले भने । मर्स्याङ्दी, माथिल्लो त्रिशूली थ्री ए, चमेलिया, त्रिशूली, सुनकोशी जस्ता आयोजनाहरुबाट हुने उत्पादन विगतका चैतमा भन्दा करिब दोब्बर भएको छ ।

अस्वभाविक रुपमा नदीको सतह बढेपछि उत्पादन बढ्दा प्राधिकरणलाई राहत भएको छ । वैशाखपछि हिमालको माथिल्लो भेगमै हिउँ पग्लिन थाल्ने भएकाले अब फेरि नदीमा पानीको सतह नघट्ने अपेक्षा प्राधिकरणको छ ।

आयोजनाहरुबाट उत्पादन बढेपछि प्राधिरकणले उद्योगहरुमा बिजुली कटौती गर्न बन्द गरेको छ । प्रवक्ता भट्टराईका अनुसार विद्युत आपूर्ति शत प्रतिशत गर्न थालिएको छ ।

गत हप्ता भारतबाट विद्युत् किन्न नसकेपछि प्राधिकरणले उद्योगहरुमा बिजुली कटौती थालेको थियो । भारतबाट आयात हुने बिजुली महँगिएपछि प्राधिरकणले भारतमा बिजुली किन्न गरेको बोलकबोल पर्न छाडेको थियो ।

अब भने आन्तरिक उत्पादनबाटै अधिकतम माग धान्न सकिने अवस्था आएको प्राधिकरणका अधिकारीहरु बताउँछन् । 'साँझको पिक आवरमा केही समय भोल्टेज व्यवस्थापन गर्न कतै-कतै उद्योगहरुमा सामान्य कटौती हुनसक्छ,' भट्टराई भन्छन्, 'अहिले उद्योगमा कतै पनि विद्युत् काट्नुपर्ने अवस्था छैन ।'

(स्रोत: अनलाइनखबर)

बलिउड अभिनेत्री मलाइका अस्पताल भर्ना

काठमाडौं/बलिउड अभिनेत्री मलाइका अरोडा कार दुर्घटनापछि अस्पताल भर्ना भएकी छन् । हाल उनी मुम्बईको अपोलो अस्पतालमा भर्ना भएकी छन् । उनलाई सामान्य चोट लागेको छ ।

मलाइका सवार रेञ्ज रोभर मुम्बई-पुणे एक्सप्रेस वे नजिकै दुर्घटनामा परेको हो । टाइम्स अफ इन्डियाका अनुसार दुर्घटनाको प्रारम्भिक कारण अत्याधिक ट्राफिक हुनु हो ।

महाराष्ट्र नवनिर्माण सेनाको कार्यकर्ताको सम्मेलनका कारण सडकमा अत्याधिक मात्रामा सवारी जाम थियो । र, सोही बेला अचानक तीन गाडी एक-आपसमा ठोकिएका थिए । यसैबीच एउटा स्विफ्ट कार मलाइकाको गाडीसँग ठोकिन पुगेको हो ।

मुम्बई पुलिसका अनुसार यस घटनाको मुद्दा दर्ता गरिएको छ । साथै, पुलिसले यस घटनाबारे छानबिन प्रक्रिया अगाडी बढाइसकेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

वैशाख १ देखि औषधिको आयात नगर्ने औषधि व्यवसायी संघको निर्णय

काठमाडौं/नेपाल औषधि व्यवसायी संघले वैशाख १ गतेदेखि औषधिको आयात नगर्ने निर्णय गरेको छ । सरकारले आफूहरुको माग सुनुवाई नगरेको भन्दै संघले एक गतेदेखि औषधिको आयात नगर्ने निर्णय गरेको हो ।

आयात हुने औषधिको हकमा औषधि निर्यात गर्ने मुलुकको एमआरपी मूल्य अनुसार समायोजन हुनुपर्ने संघका अध्यक्ष मृगेन्द्रमेहर श्रेष्ठले बताए ।

उनले भने, 'हामीले एक महिनाअघि औषधि व्यवस्था विभागलाई ज्ञापन पत्र समेत बुझाएका थियौं । त्यसको कुनै सुनुवाई भएन । भारतमा जुन एमआरपी छ, आयात हुने औषधिको एमआरपी पनि त्यही अनुसार बिक्री वितरण र नवीकरण हुनुपर्यो ।'

आयात हुने औषधिको एमआरपी अनुसार बिक्री वितरण गर्न नपाउँदा व्यवसायीहरुलाई समस्या भएको उनले बताए । संघले फागुन २७ गते औषधि व्यवस्था विभागलाई आफ्ना माग सम्बोधनका लागि ३० दिने अल्टिमेटमसहित ज्ञापन पत्र बुझाएको थियो ।

संघले गतवर्ष पनि २५ बुँदे माग पत्र पेश गरेको थियो । नेपालमा बिक्रि वितरण हुने करिब ५५ प्रतिशत औषधि विदेशबाट आयात हुने गरेको संघले जनाएको छ ।

एक हजार ९ सयले दिए परीक्षा

हेटौंडा, २० चैत/३० वैशाखमा तोकिएको स्थानीय तहको निर्वाचनको सुरक्षाका लागि मकवानपुरमा म्यादी प्रहरी छनौट प्रक्रिया अगाडि बढेको छ । आइतबार एक हजार ९ सय जनाले म्यादी प्रहरीका लागि लिखित परीक्षा दिएका छन् । हेटौंडा-११ थानाभन्यास्थित दंगा प्रहरी गणको मैदानमा बसेर म्यादी प्रहरीहरुले परीक्षा दिएका हुन् । लिखित परीक्षामा सफल भएकाहरुको अर्न्तवार्ताबाट एक हजार ३ सय २२ जना म्यादी प्रहरी छनौट हुने जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । मकवानपुरमा म्यादी प्रहरीका लागि ३ हजार ७ सय ३७ जनाले आवेदन दिएका थिए । जसमध्ये एक हजार एक सय ४१ महिला र दुई हजार ५ सय ९६ जना पुरुषको आवेदन परेको मकवानपुरका प्रहरी नायब उपरीक्षक जयश्वर रिमालले जानकारी दिए । आइतबार भएको लिखित परीक्षाको प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, सशस्त्र प्रहरीका प्रहरी उपरीक्षक नेत्र बहादुर कार्की, जनपथ प्रहरीका प्रहरी उपरीक्षक सुरेन्द्रबहादुर गुरुङ, राष्ट्रिय अनुसन्धान हेटौंडा कार्यालयका अनुसन्धान उपनिर्देशक पप्पु शर्मा पौडेललगायतले अवलोकन गरेका थिए । म्यादी छुनोटमा पूर्वप्रहरी, पूर्वसैनिकलगायत राष्ट्रिय अन्तरराष्ट्रिय फौजी संगठनमा काम गरेका व्यक्तिहरुलाई पहिलो प्राथमिकतामा राखिएको बताइएको छ ।

तस्वीर: साझाकुरा राष्ट्रिय दैनिक

ज्येष्ठ नागरिकको नि:शुल्क उपचार

हेटौंडा, २० चैत/हेटौंडा उपमहानगरपालिका कार्यालयले ज्येष्ठ नागरिकहरुलाई नि:शुल्क स्वास्थ्य उपचार प्रदान गरेको छ ।

८ नम्बर वडाभित्रका २ सय ७ जना ज्येष्ठ नागरिकलाई नि: शुल्क स्वास्थ्य परीक्षण तथा उपचार सेवा प्रदान गरिएको हो । वडा कार्यालयले शिविरको आयोजनामा गरेर नि: शुल्क स्वास्थ्य परीक्षण तथा उपचार गराएको थियो ।

८ नम्बर शहरी स्वास्थ्य केन्द्रमा आयोजित शिविरमा २९ जनाको ईसीजी र १ सय ५५ जनालाई ल्याब सम्बन्धि सेवा प्रदान गरिएको वडा कार्यालयले जानकारी दिएको छ । शिविरमा हाडजोर्नी तथा नशा मुटु तथा मुगौला, छाला तथा यौन रोग विशेषज्ञ र जनरल फिजिसियनद्वारा सेवा प्रदान गरिएको थियो ।

वडाका जेष्ठ नागरिक इन्द्र प्रसाद मैनालीको सभाध्यक्षतामा भएको कार्यक्रममा वडा अध्यक्ष गोपालबहादुर श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो ।

मकवानपुरगढीमा मनाइयो सहकारी दिवस

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/ मकवानपुरगढी गाउँपालिकाले ६५ औं राष्ट्रिय सहकारी दिवस मनाएको छ । 'मर्यादित व्यवसाय र प्रविधिमा सहकारी' भन्ने नाराका साथ ६ नम्बर वडाको सास्वतधाममा दिवस मनाइएको हो ।

मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष बिदुर हुमागाईको सभाध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका उपप्रमुख भगवती पुडासैनीको प्रमुख आतिथ्यतामा कार्यक्रम गरिएको हो । पुडासैनीले सहकारीको मध्यमबाट समृद्धि हासिल गर्न सकिने बताइन् । उन्ले सहकारीका कारण धेरैको जीवीकोपार्जन भइरहेको भन्दै स्वरोजगार बनाउन प्रेरित गरि रहेको बताएकी छन् । कार्यक्रमको अवसरमा मकवानपुरगढीमा जन्मिएर सहकारी क्षेत्रमा योगदान पुऱ्याएको भन्दै प्रदेश सहकारी बोर्डका उपाध्यक्ष, केन्द्रीय दुग्ध उत्पादक सहकारी महासंघका अध्यक्ष नारायण प्रसाद लम्साल, जिल्ला सहकारी संघका पुर्वअध्यक्ष बद्री लम्सललाई सम्मान गरिएको छ ।

गाउँपालिकामा विभिन्न कृषि तथा पशु कर्म गर्ने किसानहरु लालकुमारी अधिकारी, केदार पुडासैनी, सरोज पाठक, लक्ष्मीकुमारी सापकोटा, गणेश सापकोटा, सुजन पुडासैनी, भवनाथ दाहाल, श्याम सुन्दर तिमल्सिना, सुभद्रा घिसिङ, टंक प्रसाद ढुंगेल, सुरेश घलान र छिरिङ योन्जनलाई सम्मान गरिएको छ । मनकामना दुग्ध उत्पादक सहकारी संस्था, श्रमिक साना किसान कृषि सहकारी संस्था, अपाङ तथा विपन्न कृषि सहकारी संस्था, तिलगंगा बहुउद्देश्यीय सहकारी संस्था, महिला आवाज साकोस, महिला कल्याण साकोस, जागरण साकोस, सुजनशील समाज साकोसलाई पनि सम्मान गरिएको थियो ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष हर्कमाया रुम्बा, वडा अध्यक्षहरु भागवत घिमिरे, रामप्रसाद तिमल्सिना, जितबहादुर घिमिरे, टिका प्रसाद दाहाल, बखान सिं पाखिन, जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष कल्पना श्रेष्ठ, उपाध्यक्ष मिना चौरेल, दिवस कार्यक्रमका संयोजक अर्जुन प्रसाद दाहाल, प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनी, कृषि

सहकारी संघ प्रदेश सदस्य निर्मला लम्साल, विशिष्टकृत सहकारी संस्थाका अध्यक्ष हरिप्रसाद हुमागाई, बचत तथा ऋण सहकारी पालिका संजालका संयोजक कृष्णबहादुर बिडारी, गाउँपालिकाको सहकारी शाखा प्रमुख रामप्रसाद दाहाललगायतको आतिथ्यता रहेको थियो । त्याली उत्कृष्ट प्रदर्शन गर्ने सहकारी संस्था श्रमिक साना किसान कृषि सहकारी संस्था, महिला आवाज साकोस, श्रमिक दुग्ध उत्पादक सहकारी संस्था र महिला कल्याण साकोसलाई प्रशंसा पत्र प्रदान गरिएको थियो ।

हेटौंडामा मनाइयो दिवस

हेटौंडामा बागमती प्रदेश स्तरीय ६५ औं राष्ट्रिय सहकारी दिवस २०७८ मनाइएको छ । हेटौंडा-४, स्थित भुटनदेवी मायिको प्राङगणबाट विभिन्न सहकारीका नारा लगाउँदै बजार परिक्रमा गरिएको थियो ।

बागमती प्रदेश सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम पौडेलले ६५ औं राष्ट्रिय सहकारी दिवसको उद्घाटन गरेका थिए । कार्यक्रम मुल समारोह संयोजक तथा प्रदेश सहकारी बोर्डका उपाध्यक्ष नारायण प्रसाद देवकोटाले प्रदेशभरका सहकारी क्षेत्रका समस्या, चुनौती, र अवस्थाबारे प्रष्टाएका थिए । प्रभातफेरीमा युवा बचत तथा ऋण सहकारी संस्था र साना किसान कृषि सहकारी संस्था हाँडिखोलाले नौमती पञ्चेबाजा प्रस्तुत गरेको थियो । हेटौंडा-९ मा रहेको नारायणी बहुउद्देश्यीय सहकारी संस्थाले बैजेडी भजनको प्रस्तुती दिएको थियो ।

दिवसको अवसरमा तीन दशक लामो समय सहकारी क्षेत्रमा रहेर योगदान गरेको भन्दै सहकारी अभियान्ता, सहकारी महासंघपूर्व संचालक, जिल्ला सहकारी संघका पुर्व अध्यक्ष बद्री लम्सललाई कदर पत्रका साथ सम्मान गरिएको थियो । सोही क्रममा नेपालकै पहिलो सहकारी चितवन, भरतपुर १९ को बखान बहुउद्देश्यीय सहकारी संस्थालाई सम्मान गरिएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलाल, उपप्रमुख भगवती पुडासैनी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव बलराम निरौला, बचत संघ प्रदेश अध्यक्ष उद्धव सापकोटा, भीमफेदी गाउँपालिका उपाध्यक्ष पार्वती रानालगायतको आतिथ्यता थियो ।

कांग्रेस मकवानपुरमा कार्यसम्पादन र संसदीय समिति

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/नेपाली कांग्रेस मकवानपुरको दोश्रो बैठकले कार्यविभाजन गरेको छ । आइतबार बसेको बैठकले कोषाध्यक्ष मनोनित सहित समिति गठन गरेको छ ।

कार्यसम्पादन समिति, संसदीय समिति र दुईवटा विभागको संयोजक मनोनित गरिएको हो । जिल्ला सभापति बुद्ध लामाको सभापतित्वमा बसेको दोश्रो जिल्ला कार्यसमिति बैठकले कोषाध्यक्षमा होमनाथ गौतमलाई मनोनित गरेको छ । बैठकले पदाधिकारीसहित १३ सदस्यीय जिल्ला संसदीय समिति गठन गरिएको छ । समितिको सदस्यहरुमा सभापति बुद्ध लामा, उपसभापतिद्वय आनन्द कठायत र धर्मराज लामिछाने, सचिवद्वय भीमसेन महत र ईश्वर पाठक, सहसचिवद्वय इन्दिरा न्यौपाने र ताराचन्द्र बजगाई, कोषाध्यक्ष होमनाथ गौतम र सदस्यहरुमा प्रभातकुमार दाहाल, आनन्दराम पराजुली, रामबाबु बानियाँ, गोपीलाल विश्वकर्मा र खेमबहादुर प्रजा रहेका छन् ।

८ पदाधिकारीसहित २८ सदस्यीय जिल्ला कार्यसम्पादन समिति मनोनित गरेको छ । समितिको सदस्यहरुमा प्रभातकुमार दाहाल, आनन्दराम पराजुली, गोपीलाल विश्वकर्मा, रामबाबु बानियाँ, अर्जुन तिवारी, मोमलाल दोड, अर्जुनप्रसाद चौलागाई, ताराकुमारी राई कार्की रहेका छन् । सदस्यहरुमा कालु घलान, भुवनलाल श्रेष्ठ, शर्मिला श्रेष्ठ, ईन्द्रकुमार बर्तौला, डम्बर बहादुर विक, खेमबहादुर प्रजा, प्रमिला खतिवडा, राजकुमार गोले, सोममाया मोक्तान, कृति ग्यालन, गोपी बल लामा र नवराज लामा मनोनित भएका छन् । बैठकले संगठन र युवा तथा खेलकुद विभाग गठन गरेको छ । संगठन विभागमा शैलेन्द्रराज बानियाँ युवा तथा खेलकुद विभागमा अर्जुन तिवारी मनोनित भए ।

कांग्रेसको प्रदेश प्रचार समिति

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/कांग्रेस बागमती प्रदेश समितिले ३० वैशाखमा हुने स्थानीय तह निर्वाचन लक्षित स्थानीय तह निर्वाचन बागमती प्रदेश प्रचार समिति गठन गरेको छ ।

कांग्रेस प्रदेश कार्यसमितिका सदस्य तथा प्रवक्ता तिलकप्रसाद रुवालीको संयोजकत्वमा ३७ सदस्यीय प्रचार समिति गठन गरिएको हो । प्रचार समितिको सदस्यहरुमा र सुवाका उपेन्द्र लम्साल, धादिङका श्याम कुमार लामा, चितवनका ओमप्रसाद डल्लाकोटी, मकवानपुरका जानकी लामा तामाङ, मकवानपुरकै रामशरण माझी, काठमाडौंका नानु दाहाल, काठमाडौंकै राजु खरेल, नुवाकोटका धनकुमारी थापा (सरु), सिन्धुपाल्चोकका कुमार दुलाल, काभ्रेका गुमान सिं लामा, सिन्धुलीका कोकिल अस्तानी मगर, सिन्धुलीकै कृष्णकुमार श्रेष्ठ, ललितपुरका मोहम्मद मुकिम, भक्तपुरका सुमन कार्की, भक्तपुरकै गणेशप्रसाद फुर्याल, रामेछापका उज्वलराम घिमिरे, र रामेछापकै भीमसेन बस्नेत, दोलखाका प्रभुराम श्रेष्ठ, दोलखाकै अनिता श्रेष्ठ रहेका छन् ।

कांग्रेस बागमती प्रदेश कार्यालय हेटौंडाका अनुसार ललितपुरका दिवाकर नेपाल, चितवनका रामबहादुर लामा, धादिङका खुमबहादुर सुवेदी, धादिङकै सानुकाजी दाहाल, चितवनका उत्तम चुके, चितवनका कबिता भन्तना, काठमाडौंका अस्मिन सिटौला, सन्तप्रसाद श्रेष्ठ (प्रबिन), राजेन्द्र बानियाँ, देव सुन्दर बज्राचार्य, राजु सुनार, नुवाकोटका माधव लामिछाने, पवित्रा पुडासैनी, रामशरण वस्ति, रसुवाका ईश्वर लाल श्रेष्ठ र चितवनका राजेन्द्र लामा प्रचार समितिको सदस्यमा मनोनित भएका हुन् ।

मकवानपुर र वीरगञ्जबीच समझदारी

साझाकुरा संवाददाता

हेटौंडा, २० चैत/ मकवानपुर उद्योग वाणिज्य संघ र बीरगञ्ज उद्योग वाणिज्य संघबीच आपसी सहकार्यको समझदारी भएको छ ।

हेटौंडा आएको बीरगञ्ज उद्योग वाणिज्य संघको टोलीलाई स्वागत गर्दै मउवा संघले सहकार्यको समझदारी गरेको हो । समझदारी पत्रमा दुवै संघका अध्यक्षहरुले हस्ताक्षर गरेका छन् । मउवा संघका अध्यक्ष कृष्णकुमार गुप्ताको अध्यक्षतामा एक कार्यक्रम आयोजना गरी बीरगञ्ज उवासंघका अध्यक्ष डा. सुबोधकुमार गुप्ताको नेतृत्वमा टोलीलाई स्वागत तथा सम्मान गरिएको थियो । टोलीमा बीरगञ्ज उवासंघका निवर्तमान अध्यक्ष गोपाल केडिया, वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, सचिव अरविन्द्र अमात्य, सहकोषाध्यक्ष प्रेमचन्द्र गोयल, सदस्यहरु रविन्द्र वर्णवाल, मनोज शर्मा, सुरेशकुमार रुंगटा, अंकित खेतान, प्रमोदकुमार चौरसिया, कार्यकारी सचिव सुनिलकुमार कण्ठ र अधिकृत खड्ग रावलको सहभागिता थियो ।

मउवा संघका पूर्वअध्यक्ष भुक्तलाल श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्षद्वय उज्वल चौलागाई, राजु अधिकारी, कोषाध्यक्ष सन्तोष

कुमार अर्याल, सचिवद्वय राजाराम कार्की, श्रीकृष्ण कर्माचार्य, सहकोषाध्यक्ष निलम पाण्डे, सदस्यहरु कुल प्रसाद चौलागाई, अनिल भक्त श्रेष्ठ, नेत्र प्रसाद खतिवडा, विकेशलाल श्रेष्ठ र विशेष आमन्त्रित सदस्य राजेन्द्र लामिछानेको सहभागिता थियो । मउवा संघका अध्यक्ष गुप्ताले मकवानपुरको औद्योगिक तथा पर्यटकीय सम्भावना, उद्योगी/व्यवसायीका समस्याहरु र संघको गतिविधिको बारेमा चर्चा गरेका थिए ।

बीरगञ्ज उवासंघका अध्यक्ष गुप्ताले मउवा संघ र बीरगञ्ज उवासंघ मिलेर संयुक्त परियोजना संचालन गर्न सकिने, २००१ सालमा स्थापना भएको बीरगञ्ज उवासंघले त्यहाँको औद्योगिक करिडोरमा सिसिटिभीको लागि पहल अघि बढाएको, ५० प्रतिशतभन्दा बढी रेभिन्यु बीरगञ्जले राज्यलाई दिएको, जिल्लाबाट राष्ट्रिय मुद्दाहरु उठान गरी महासंघलाई शक्ति प्रदान गर्नुपर्ने, पाँच करोड भन्दामाथिको कारोवारमा मात्र भिसिटियस लगाउनु पर्ने, राष्ट्र बैंकले नै ५ प्रतिशतमा दिइरहेको कर्जा ७ प्रतिशत पुऱ्याएको कार्य उचित नभएको, बैंक ब्याज सिंगल डिटिजमा हुनुपर्ने, क्रेडिट ऐन ल्याएर व्यवसायीको उधारो कारोवार व्यवस्थित गरिनुपर्ने, तरलता अभाव हुन नदिन राज्यले कम्तिमा ७०/८० प्रतिशत पुँजीगत खर्च अनिवार्य गर्नुपर्ने जस्ता विषयहरु उठाएका थिए । मउवा संघका व्यवसायिक समस्याहरु समधानको लागि बीरगञ्ज उवासंघले पनि पहल गर्ने गुप्ताले बताए ।

भकाडापखाला तथा बान्ताबाट बच्न...

- दूषित खानेपानीको प्रयोग नगरौं,
- बासी, सडेगलेका तथा भिँगा, धुसुना भन्किएका खानेकुरा नखाऔं,
- सफाँसँग हात धोई खाना पकाऔं,
- खाना खानुअघि साबुनपानीले हात धोऔं,
- फलफूल र सफा पानीको प्रयोग गरौं वा पानी उमालेर पिउने गरौं,
- चिल्लो वा तारेको खानेकुरा सकेसम्म नखाऔं,

भिँगा, दूषित खाना र पानी, फोहर हात एवम् भाँडाकुँडा, झाडापखाला तथा बान्ताका कारक हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पार्टी गर्दै हुनुहुन्छ ?

शुभ-विवाह, ब्रतबन्ध, हरेक प्रकारका पार्टी, सभा, सेमिनार तथा गोष्ठीका लागि हामीलाई सदैव सम्झनुहोस् ।

जय गणेश पार्टी प्यालेस प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-५, अब्बलडाँडा
सानोपोखरा, मकवानपुर
९८५५०२७५१२ (अनिष वाग्ले)

जैविक मलका फाइदाहरु

रासायनिक मल तथा रासायनिक विषादिले बालीनालीको विकास केही हद्सम्म गरेको भएता पनि केही समयको लगातार प्रयोगपछि त्यसले माटोमा भएको प्रभावकारी जीवाणुहरुलाई प्रदुशित बनाई इन्जाईम प्रक्यालाई अवरुद्ध गरेको छ, जसको कारणले माटोमा भएका सबै प्रकार का प्रभावकारी जीवाणु व्याक्टेरियाको विनास भई माटो अम्लीय हुने, माटोमा पानी अड्ने क्षमतामा ह्रास आई चिस्यान कम हुने, बिरुवाको जरा माटोमा प्रभावकारी तरिकाले फैलन नपाउने, बिरुवाले आवश्यक खाद्यतत्व पूरा गर्न नसकी बिरुवा कमजोर हुने, बढ्दो जलवायु परिवर्तन र सो ले पारेको पर्यावरणीय असरमा कमी नआउने, वातावरण प्रदुषित क्रम बढ्दो मात्रामा रहने, विभिन्न प्रकारका रोगहरु लाग्ने तथा किरा नियन्त्रणको लागि रासायनिक विषादि प्रयोग गर्दै जाँदा ती शत्रु जीवाणुहरुमा विष पचाउने क्षमतामा बृद्धि भई प्रत्येकपटक विषादिको मात्रा बढाउँदै लैजानुपर्ने अवस्था, जसको कारण आज मानिस प्रत्येक खाद्य सामग्री कृषि उपज विषादियुक्त खान बाध्य छ । फलस्वरुप मानवमा विभिन्न प्रकारका रोगहरुको महामारी फैलिएको छ ।

त्यसैले जैविक मल नै प्रयोग गरौं ।
स्वस्थ कृषि उपज उत्पादनमा जोड दिऔं

पाइने स्थान:
सामुदायिक कृषि सहकारी संस्था लि.
हेटौंडा-८, कमाने
९८५५०६९०८६ राजेन्द्र ढकाल

खुल्यो ! खुल्यो
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरा लगायत मासुको आइटमको मीठो स्वाद
अब होटल म्याक्समा
होटल MAX
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	14000-18000	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१५७०१६६४, ९८५५०३१६६४

साझाकुरा
www.sajhakuranews.com
"तपाईं, हामी सबैको कुरा "
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना